आज मिति २०७८।०४।१० गते आईतबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको १२९ औं (आर्थिक वर्ष २०७८/०७९ को प्रथम) बैठक तपसिलका पदाधिकारीहरु ज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री खगेन्द्र राई | नगर प्रमुख | ९८५२८४४०५७<br>९८४१०३०१२७ | |
| २ | श्री रीता कुमारी चौधरी | नगर उपप्रमुख | ९८५२८४४०५८ | |
| ३ | श्री श्रीकान्त चौधरी | नि. प्रमुख प्रशासकीय अधिकृत | ९८४२०२८१०० | |
| ४ | श्री रोहितमान तामाङ्ग | अध्यक्ष वडा नं. १ | ९८६२९२६२०६ | |
| ५ | श्री सन्तोष सुवेदी | अध्यक्ष वडा नं. २ | ९८१९७४४१२८<br>९८५२८४४०५९ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५<br>९८५२८४४०८२ | |
| ७ | श्री चरण कुमार राई | अध्यक्ष वडा नं. ४ | ९८०५९९९७००<br>९८५२८४४०८५ | |
| ८ | श्री देवनारयण चौधरी | अध्यक्ष वडा नं. ५ | ९८६२८१६६५६<br>९८५२८४४०६७ | |
| ९ | श्री कमलध्वज राई | अध्यक्ष वडा नं. ६ | ९८१९९८९५१८<br>९८५२८४४०६० | |
| १० | श्री तेजराज तिम्सिना | अध्यक्ष वडा नं. ७ | ९८४२८५५९५० | |
| ११ | श्री गड्ुड बहादुर वि.क. | अध्यक्ष वडा नं. ८ | ९८५२८४४०४९ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री राम कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८४२९८५०९६ | |
| १४ | श्री देवी कुमारी कार्की | नगर कार्यपालिका सदस्य | ९८१५७५६०६६ | |
| १५ | श्री जानुका कमर | नगर कार्यपालिका सदस्य | ९८४२१५४९०४ | |
| १६ | श्री मदन कुमारी कार्की | नगर कार्यपालिका सदस्य | ९८६३८७३९४३ | |
| १७ | श्री सुन्दर प्रकाश शाह | नगर कार्यपालिका सदस्य | ९८१५७१३९६० | |
| १८ | श्री अस्मिता सार्की | नगर कार्यपालिका सदस्य | ९७४१३६९३६२ | |
| १९ | श्री विमला राई | नगर कार्यपालिका सदस्य | ९७४१४१९७७८ | |
| २० | श्री प्रमीला दनुवार | नगर कार्यपालिका सदस्य | ९८०३९९६६८८ | |

Scanned with CamScanner

## प्रस्तावहरु

१. कोभिड-१९ विरुद्धको खोप संचालन सम्बन्धमा ।
२. विपद् व्यवस्थापन सम्बन्धमा ।
३. नदिजन्य पदार्थ उत्खनन, संकलन सम्बन्धि (IEE) सम्बन्धमा
४. स्थानीय हाटबजारको राजश्व संकलनको ठेक्का आव्हान गर्ने सम्बन्धमा ।
५. कोभिड-१९ अस्पतालको भान्से सम्बन्धमा ।
६. वनजन्य क्षति सम्बन्धमा
७. नेपाल अर्थोपेडिक एशोसियसन मार्फत तालिम संचालन गर्ने सम्बन्धमा ।
८. त्रियुगा नदिनियन्त्रणको कार्यालय सम्बन्धमा ।
९. चालु आ.व.का स्वीकृत कार्यक्रमहरु संचालन सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु

नि.नं.१ प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपाल सरकारले मिति २०७८/०४/११ र १२ गते ५५ वर्ष माथिका उमेर समुहका नागरिक र कर्मचारीहरुलाई कोभिड-१९ विरुद्धको खोप लगाउने कार्यक्रम राखे बमोजिम यस न.पा. क्षेत्रमा समेत उक्त दिन खोप लगाउने कार्यक्रम रहेको हुँदा उक्त खोप कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न गराउनको लागी सम्बन्धित वडा अध्यक्षहरुले प्रचार प्रसारको व्यवस्था मिलाउने निर्णय गरियो ।

नि.नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा हाल निरन्तरको अविरल वर्षा सँगै विभिन्न खोला खहरेहरुमा आएको बाढी-को कारण यस न.पा.को विभिन्न वडामा खेतियोग्य जमिन कटान, भौतिक संरचनाहरु बगाउने तथा मानववस्तिहरुमा समेत कटान गरि क्षति पुर्‍याएको हुँदा बाढीपहिरोबाट क्षती भएका सबै स्थानहरुमा न.पा. बाट प्राविधिक खटाई-क्षतिको विवरण सहित रोकथामको लागी आवश्यक प्राविधिक स्टीमेट गराउने र लागत स्टीमेट बमोजिम न.पा. बाट सम्भव भए सम्मको न.पा. बाट पुर्ननिर्माण वा नदिनियन्त्रणको कार्य गर्ने र ठुलो लागत भएका स्थानहरुको नदि नियन्त्रण-को लागी सम्बन्धित विषयगत कार्यालयहरु र प्रदेश र केन्द्र सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**नि.नं.३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आर्थिक वर्षमा यस न.पा. क्षेत्रमा रहेका नदिनालाहरुबाट नदिजन्य पदार्थ उत्खनन संकलन गर्ने प्रयोजनको लागि यस न.पा. को राजस्व परामर्श समितिबाट सिफारिस भई आएका तपसिल बमोजिमका खोलाहरुको प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कन (IEE) गर्ने निर्णय गरियो ।

तपसिल

१. ढाँगे खोला – वडा नं. १ (ढुंगा)
२. माडीवास फिसान विर्ता, चप्लेटी खोला वडा नं. १ (ढुंगा)
३. माडीवास खोला सर्वे, लामा खोला, गंगटे, चालिसे, सुधार क्षेत्र वडा नं. ~~१,२~~ (ढुंगा, गिट्टी)
४. कालिखोला, शनिवारे – वडेलपानी, वडा नं. ३ (ढुंगा)
५. लामाखोला, कालीखोला, ढुंगा गिट्टि वडा नं.-४
६. शिवाइ खोला, त्रियुगा खोला वडा नं. ५ (वालुवा)
७. छुरखोला, अप्राटी खोला वडा नं. ५,६,७ ~~८~~ (ढुंगा गिट्टी)
८. त्रियुगा, छुरखोला, असौली खोला वडा नं. ९ (ढुंगा, गिट्टी, वालुवा)
१०. झ्यामिरे खोला वडा नं. ९ (वालुवा
११. देवघरखोला, खैरावोला, घोरमुना खोला वडा नं. १० (ढुंगा गिट्टी)
१२. वडेरुवा खोला (वडा नं. ८) ढुंगा गिट्टी)
१३. करम्ने र कुरवासुन्दरी खोला वडा नं. ३ (ढुंगा गिट्टी)
१४. लाटीखोला वडा नं. ७ (ढुंगा गिट्टी)

**नि.नं.४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस न.पा. क्षेत्र भित्र संचालनमा रहेका आन्तरिक हाटबजारहरु मवेशी पशु हटिया, खसीबोका हटिया, कृषि जन्य वस्तु निकासी पैठारी लगाएतका हाटबजारहरुबाट राजस्व संकलन गर्ने सम्बन्धि ठेक्का आव्हान गर्ने निर्णय गरियो । साथै ठेक्का प्रक्रिया पुरा नभए सम्मको लागि सम्बन्धित वडा र राजस्व शाखाको समन्वयमा अमानतमा राजस्व संकलन गर्ने गराउने निर्णय गरियो ।

**नि.नं.५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस न.पा. को वडा नं. ६ मा संचालित उदयपुर कोभिड-१९ अस्पतालमा कार्यरत भान्से जानुका महतलाई दैनिक ज्यालादारीमा कामकाज लगाइएको हुँदा चालु आ.व.मा समेत निजलाई सोही बमोजिम निरन्तर काममा खटाउने निर्णय गरियो ।

नि.नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस न.पा.को विभिन्न वडामा [बहिरहेको] सडक विद्युतलाई जस्ता सम्वेदनशील जोखिमयुक्त स्थानहरूमा रहेका रुखहरूबाट सम्भावित विपद बढेको हुँदा सबै वडा कार्यालयहरूले आफ्नो वडामा रहेका सामुदायिक वनहरू समेतलाई जानकारी गराई वडा स्तरीय विपद् व्यवस्थापन समितिबाट जोखिम हुन सक्ने रुखहरूको विवरण तयार गरी नगर स्तरीय विपद् व्यवस्थापन समितिमा पठाउने निर्णय गरियो ।

नि.नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस न.पा.को आयोजना र नेपाल अर्थोपेडिक एशोसियसनको प्राविधिक सहयोगमा मिति २०७८।०४।२१ र २२ गते प्राथमिक हाडजोर्नी सम्बन्धि यस न.पा. क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई २ दिने तालिम संचालन गर्ने निर्णय गरियो ।

नि.नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा उदयपुर जिल्लाको मुख्य समस्याको रूपमा रहेको त्रियुगा नदी नियन्त्रण सम्बन्धि कार्य हाल सप्तरीको राजविराजमा रहेको कार्यालयबाट संचालन हुँदै गएकोमा त्रियुगा नदीबाट राजविराज लामो दूरीमा रहेको र विपदको समयमा तत्काल हुनुपर्ने कुनैपनि गतिविधी संचालन गर्न नपाई नदिजन्य प्रकोप बेहोर गरेको हुँदा यस न.पा. उक्त त्रियुगा नदिको बिच सेन्टरमा पर्ने भएकोले उक्त त्रियुगा नदि नियन्त्रणकोलागि कार्य संचालन गर्ने कार्यालय यस चौदण्डीगढी न.पा.मा स्थापना गर्ने व्यवस्थाको लागी नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

नि.नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस न.पा.को नवौं नगरसभाबाट चालु आ.व. २०७८।०७९ को लागी स्वीकृत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन तथा खरिद प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।